लोक बहादुर मुक्तान
अध्यक्ष

मितिः २०७९/०३/१०
समयः दिउसो ११:०० बजे
स्थानः कैलाश गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार, मकवानपुर

आज मिति २०७९ साल आषाढ १० गते शुक्रबारका दिन कैलाश गाउँपालिकाको अध्यक्ष तथ कैलाश गाउँपालिकाको दशौं गाउँसभाका सभाध्यक्ष श्री लोक बहादुर मुक्तान ज्यूको अध्यक्षतामा आ.व. २०७९/८० सालको गाउँसभा तपसिलका पदाधिकारीको उपस्थितिमा निम्मानुसारका निर्णय गर्दैं सम्पन्न गरियों।

तपसिलः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | गाउँसभा सभाअध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | गाउँसभा सदस्य | |
| ३ | श्री तेज बहादुर ब्लोन | गाउँसभा सदस्य | |
| ४ | श्री मैना माया थिङ | गाउँसभा सदस्य | |
| ५ | श्री चमेली कामी | गाउँसभा सदस्य | |
| ६ | श्री हिरा बहादुर घलान | गाउँसभा सदस्य | |
| ७ | श्री सानु कान्छा मुक्तान | गाउँसभा सदस्य | |
| ८ | श्री राजेन्द्रर तामाङ घिसङि | गाउँसभा सदस्य | |
| ९ | श्री दिल माया प्रजा | गाउँसभा सदस्य | |
| १० | श्री फुल माया सुनार | गाउँसभा सदस्य | |
| ११ | श्री सूर्य बहादुर स्याङतान | गाउँसभा सदस्य | |
| १२ | श्री इमान सिं मुक्तान | गाउँसभा सदस्य | |
| १३ | श्री देव लाल बल | गाउँसभा सदस्य | |

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १४ | श्री राम माया प्रजा | गाउँसभा सदस्य | |
| १५ | श्री निरमाया सुनार | गाउँसभा सदस्य | |
| १६ | श्री राम सिं गोले | गाउँसभा सदस्य | |
| १७ | श्री बीर बहादुर गोङ्बा | गाउँसभा सदस्य | |
| १८ | श्री तिलक बहादुर मुक्तान | गाउँसभा सदस्य | |
| १९ | श्री सम्झना गोले | गाउँसभा सदस्य | |
| २० | श्री एलिसा सुनार | गाउँसभा सदस्य | |
| २१ | श्री रविन्द्र सिन्तान | गाउँसभा सदस्य | |
| २२ | श्री निमराज प्रजा | गाउँसभा सदस्य | |
| २३ | श्री छेकु लामा | गाउँसभा सदस्य | |
| २४ | श्री दुदु कुमारी मुक्तान | गाउँसभा सदस्य | |
| २५ | श्री राधिका विश्वकर्मा | गाउँसभा सदस्य | |
| २६ | श्री मान बहादुर पाखिन | गाउँसभा सदस्य | |
| २७ | श्री टेक बहादुर लो | गाउँसभा सदस्य | |
| २८ | श्री राम वहादुर गोम्वा | गाउँसभा सदस्य | |
| २९ | श्री पार्वती माया मुक्तान | गाउँसभा सदस्य | |
| ३० | श्री क्यू कुमारीरसाइली | गाउँसभा सदस्य | |
| ३१ | श्री शम्भु अर्याल | गाउँसभा सदस्य | |
| ३२ | श्री जीत वहादुर थिङ | गाउँसभा सदस्य | |
| ३३ | श्री उदाश कुमार भोलन | गाउँसभा सदस्य | |
| ३४ | श्री कुमारी माया तामाङ | गाउँसभा सदस्य | |
| ३५ | श्री उद्धव माया दर्जी | गाउँसभा सदस्य | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३६ | श्री मान बहादुर चेपाङ | गाउँसभा सदस्य | |
| ३७ | श्री प्रेम बहादुर थिङ | गाउँसभा सदस्य | |
| ३८ | श्री आशिष प्रजा | गाउँसभा सदस्य | |
| ३९ | श्री मित्र कुमारी मुक्तान | गाउँसभा सदस्य | |
| ४० | श्री सेती माया सुनार | गाउँसभा सदस्य | |
| ४१ | श्री विविराज थिङ | गाउँसभा सदस्य | |
| ४२ | श्री हिरालाल लोप्चन | गाउँसभा सदस्य | |
| ४३ | श्री भुवन सिं घलान | गाउँसभा सदस्य | |
| ४४ | श्री गोरीमाया वुलुन | गाउँसभा सदस्य | |
| ४५ | श्री विविमाया विश्वकर्मा | गाउँसभा सदस्य | |
| ४६ | श्री ज्ञान बहादुर घलान | गाउँसभा सदस्य | |
| ४७ | श्री सानुकान्छा स्याङतान | गाउँसभा सदस्य | |
| ४८ | श्री सूर्य बहादुर व्लोन | गाउँसभा सदस्य | |
| ४९ | श्री जुनसरी राई | गाउँसभा सदस्य | |
| ५० | श्री विमला सुनार | गाउँसभा सदस्य | |
| ५१ | श्री दिनेश कुमार थिङ | गाउँसभा सदस्य | |
| ५२ | श्री प्रताप सिं वाइवा | गाउँसभा सदस्य | |
| ५३ | श्री सुन्तली सुनुवार | गाउँसभा सदस्य | |
| ५४ | श्री बुद्धि लाल सुनार | गाउँसभा सदस्य | |
| ५५ | श्री देवराज चौलागाई | सदस्य सचिव | |
| ५६ | श्री प्रकाश राई | सूचना प्रविधि अधिकृत | |
| ५७ | विनोद कुमार चौलागाईं | पत्रकार, नेपाल टेलिभिजन | |
| ५८ | रुपेश दुलाल | पत्रकार महासंघ | |
| ५९. | [illegible] अधिकारी [illegible] | ने. प्रेस युनियन [illegible] | |

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६०, | सुजन त्रिपाठी | सम्पादक, हेटौंडा टाइम्स, | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

[signature]

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुकाल
अध्यक्ष

मिति २०७९/०३/१० गते बसेको दशौ गाउँसभाको प्रस्ताव तथा निर्णयहरुः

<u>प्रस्तावहरुः</u>

१. नीति तथा कार्यक्रम सम्बन्धमा,

२. आर्थिक विधेयक, २०७९ सम्बन्धमा,

३. विनियोजन विधेयक, २०७९ सम्बन्धमा

<u>निर्णयहरुः</u>

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९/८० का लागि गा.पा. उपध्यक्ष श्री बाल कुमार मल्ल ठकुरी ज्यूद्वारा प्रस्तुत गरिएको मिति २०७९/०३/१० गते दशौ गाउँसभामा पेश भएको नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँ कार्यपालिका बाट पारित भई आ.व. २०७९/८० का लागि पेश भएको कैलाश गाउँपालिकाको आर्थिक विधेयक, २०७९ सर्वसम्मत रुपमा पारित गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँ कार्यपालिका बाट पारित भई आ.व. २०७९/८० का लागि पेश भएको कैलाश गाउँपालिकाको विनियोजन विधेयक, २०७९ सर्वसम्मत रुपमा पारित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

# दशौं गाउँसभा बैठकमा उपाध्यक्ष श्री बाल कुमार मल्ल ठकुरी ज्यूद्वारा प्रस्तुत आ.व. २०७९/८० को कैलाश गाउँपालिकाको नीति तथा कार्यक्रम

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयको
बागमती प्रदेश
२०७९ आषाढ १० गते
www.kailashmun.gov.np
Email: info@kailashmun.gov.np

लोक बहादुर मुक्तान
अध्यक्ष

श्रीमान् सभा अध्यक्ष ज्यू,
सभा सदस्य ज्यूहरु,

१. नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारीत लोकतान्त्रीक समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत संघीय शासन प्रणालीको माध्यमबाट न्यायपुर्ण, विभेदरहित, समतामुलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यका साथ कैलाश गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा मलाई खुसी लागेको छ। यस घडिमा म कैलाश गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा नमसकार गर्न चाहन्छु। बिगत लामो समय देखि नेपालको बिभिन्न आन्दोलनहरुमा वीरगति प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

अध्यक्ष महोदय, र माननीय सदस्यज्यूहरु,

२. नेपाली जनताको लामो समयसम्मको संघर्ष र वलीदान मार्फत प्राप्त नेपालको संविधान २०७२ को प्रावधान बमोजिम संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अन्तर्गत जनताको नजिकको सरकारको रुपमा रहेको कैलाश गाउँपालिकाको दोश्रो निर्वाचन पछीको पहिलो गाउँसभामा नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा हर्षित भएको छु। संघीयता कार्यान्वयनको सन्दर्भमा स्थानीय सरकारमार्फत नागरीकका चाहना वमोजिम कार्य गर्ने, र कैलाश बासीको आर्थिक, सामाजिक, सास्कृतिक रुपान्तरण मार्फत कैलाश गाउँपालिकाको समृद्धि प्राप्त गर्ने कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा रहने संवैधानिक व्यवस्थाले तल्लो तहलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

३. लोकतन्त्र र संघीयताको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तीपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्र सेवक कर्मचारी, राजनितिक दल, आम मतदाता सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। हाम्रा तर्फबाट प्रस्तुत प्रतिबद्धता प्रति आशावादि भई हामीलाई निर्वाचित गराउनु हुने सम्पुर्ण मतदाता र आम कैलाशवासी दाजुभाई, दिदिबहिनिहरुलाई ति प्रतिबद्धता बमोजिम काम गर्ने विश्वाश दिलाउन चाहन्छौं।

४. नेपालको संविधान, संघ एवम् प्रदेश सरकार तथा कैलाश गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दिगो विकासको लक्ष, हाम्रा तर्फबाट निर्वाचनमा गरिएका प्रतिवद्धता पत्र तथा तपाई सम्पुर्ण दाजुभाई दिदिबहिनि हरुले दिनु भएको सुझाव र सल्लाहालाई मनन गर्दै कैलाश गाउँपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

५. यो नीती तथा कार्यक्रमको कार्यान्वयन गर्दा गुणस्तरीय जनशक्तीको उत्पादन र रोजगारी सिर्जना, दिगो पुर्वाधार निर्माण, दिगो विकास, असमानता र गरिबी न्यूनिकरण, पर्यावरणीय संरक्षण र सन्तुलन, उत्पादन र उप्पादकत्व अभिवृद्धि र सुशासन तथा सार्वजनिक सेवामा नागरिकहरुको सहज पहुचलाई प्राथमिक्ता दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष महोदय र माननीय सदस्यज्यूहरु,

अब म आ.व. २०७९/८० का लागी कैलाश गाउँपालिकाको विषय क्षेत्रगत नीति कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

६. आर्थिक विकास

६.१ कृषि

६.१.१ कैलाश गाउँपालिकाको समृद्धिको मूख्य आधार नै कृषिको विकास भएकोले भुगोल अनुसारको कृषि क्षेत्रको विकास गर्न भूगोल, माटोको गुण, क्षमता र अवस्था अनुसार सिफारिसमा ब्लक र पकेट क्षेत्र निर्धारण गरि बाली सिफारिस गरिनेछ ।

६.१.२ कृषिको उत्पादकत्व बृद्धि गर्न उन्नत विउ तथा मलखाद र सिँचाई/कुलो निर्माण तथा मर्मत गरिनेछ ।

६.१.३ युवाहरुलाई कृषिमा आकर्षण बढाउन ब्यवसायिक, हाईजेनिक टनेल खेती, बेमौसमी तरकारी खेती तथा नगदेबालीको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।साथै युवा स्वरोजगार र बैदेशिक पलायन रोक्नका लागि सामुहिक रुपमा व्यवसायीक खेति तथा पशुपालनका लागि अनुदान स्वरुप बजेट ब्यवस्था गरिनेछ।

६.१.४ एक वडा एक नमुना व्यवसायिक तरकारी, पशुपालन तथा फलफुल खेतीको अवधारणलाई सफल पार्न कैलाश-१ मा पशुपालन, तरकारी खेती, कैलाश-२ मा अलैंची, स्याउ र लप्सी, चिया, कैलाश-३ मा अदुवा खेती र बाख्रापालन कैलाश-४ मा सुन्तला, अदुवा, कागती जुनार र बाख्रापालन कैलाश-५ मा तरकारी, बाख्रापालन, किवी, अलैंची अम्रिसो, कैलाश-६ मा तरकारी, किबी, चिया, बाख्रापालन कैलाश-७ अदुवा खेती, बाख्रापालन, मौरीपालन, तरकारी खेती कैलाश-८ बाख्रापालन, अदुवाखेती र तरकारी, कैलाश-९ तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अमृसो खेती, कैलाश-१० तरकारी खेती, बाख्रापालन, अदुवाखेती र गाई, भैसीपालन, अम्रिसो, जुनार खेतीको कार्यक्रमलाई निरन्तरता गरी प्राथमिकताका साथ बजेटको ब्यवस्था गरिनेछ ।

६.१.५ उत्पादित कृषि तथा पशुजन्य उत्पादनको लागि उचित मुल्यको बजारको खोजी गर्न आवश्यक पहल गरिनेछ ।

६.१.६ जनताका खाद्यसुरक्षाको अधिकारलाई सार्थकता दिन बिभिन्न खाद्य बालीको उन्नतजातका बिउबिजन अनुदानमा उपलब्ध गराईने छ र कृषिलाई क्रमशः आधुनिकीकरण गर्दै लगिने छ।

६.१.७ साना किसान सहकारी संस्थामा बढि भन्दा बढि कृषलाई आबद्ध गरी सो संस्था मार्फत आय आर्जन तथा स्वरोजगार मुलक कार्यक्रम संचालन गरिनेछ।

६.१.८ दुग्ध व्यवसायमा संलग्न कृषकहरुलाई लक्षित गरी उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। आगामी वर्ष भित्र कम्तिमा दुईवटा दुग्ध सहकारीको स्थापना गरी कैलाश ९ लाई विषेश प्राथमित्तामा राखी दुग्ध संकलन तथा पशु पालनमा व्यवसायलाई अभिबृद्धि गर्दै लगिने छ।

लोक बहादुर गुरुङ
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

६.१.९ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी आर्थिक समृद्धि हासिल गर्न चक्लाबन्दी खेतीलाई प्रोत्साहित र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिईने छ।

६.१.१० ***"स्वास्थ माटो दिगो उत्पादनको पाटो"*** भन्ने अवधाराणाका साथ माटो परिक्षण गर्ने कार्यलाई तिव्रता दिई माटो स्वस्थता प्रमाण पत्र उपलब्ध गराईने व्यवस्था मिलाइने छ। माटोमा ह्रास हुदै गएको प्राङ्गारिक पदार्थको मात्रालाई वृद्धि गर्न प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

६.१.११ ***"पशु रोग हटाऔं, पशु उत्पादन बढाऔं"*** भन्ने परिकल्पनाका साथ पशुमा लाग्ने खोरेत, पिपिआर र रेबिज रोग उन्मुलन गर्न निःशुल्क खोप अभियान कार्यक्रम संचालन गरिनेछ। पन्छिमा माहामारीको रुपमा देखिने बर्डफ्लु जस्ता रोग हरुको नियन्त्रण र नियमनका साथै सोको प्रवद्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

६.१.१२ पशु स्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न प्रदेश सरकार संगको समन्वयमा एक वडा एक पशु स्वास्थ्य क्लिनिक कार्यक्रम संचालनमा ल्याइने छ।

६.१.१३ कृषिलाई व्यवसायिक कृषिमा रुपान्त्रण गरी कृषि क्षेत्रको उत्पदान र उत्पादकत्व बढाउन किसानलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। साथै व्यवसायिक रुपमा कृषि, पशुपन्छि तथा मत्स्य पालन र मैरी पालनमा लाग्ने किसानहरुलाई आधुनिक फार्म निर्माण गर्न अनुदानको व्यवस्था गरिनेछ।

६.१.१४ गाउँपालिका क्षेत्र भित्र अभियानका रुपमा कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरिनेछ तथा उपयुक्त स्थानमा सिप भण्डारको निर्माण कार्यको थालनी गरिनेछ।

६.१.१५ सबै कृषि योग्य भूमीमा सिंचाई सुविधा पुऱ्याउन पुर्वाधारको निर्माण गर्ने नीति लिइने छ र साथै अग्ला स्थानमा रहेका खेती योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन लिफ्ट सिंचाई प्रणालीको निर्माण गरिनेछ।

## ६.२ उद्योग तथा बाणिज्य

६.२.१ यस गाउँपालिका क्षेत्रभित्र साना तथा मझौला र कृषि उत्पादन प्रशोधिकरण समन्धी उद्योग स्थापनाका लागी आवश्यक वातावरण श्रृजना गरिनेछ ।

६.२.२ नागरिकको सामुहिक लगानीमा मात्र प्राकृतिक श्रोतमा आधारित उद्योगहरु (नदिजन्य बनजन्य काठसमेत) स्थापना गर्नको लागी आवश्यक पहल गरिनेछ ।

६.२.३ यस गाउँपालिकाभित्र संचालनमा रहेका बिभिन्न ब्यापार तथा ब्यवसाय दर्ताको लागी प्रत्येक वडामा घुम्ति शिविर संचालन गरिनेछ । व्यवसायिक कर तिर्ने र पालिकाबाट प्राप्त गर्ने सेवा सुविधा प्राप्त गर्ने व्यवसायिक हक शुनिश्चितता गरिनेछ।

६.२.४ सरोकारवालाहरुको हितका लागी गाउँपालिका स्तरिय उद्योग वाणिज्य सँघ गठन गर्न आवश्यक पहल गरिनेछ ।

६.२.५ स्थानीय श्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सिपमा आधारित लघु, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गरिनेछ। साना तथा मझौला उद्यमिहरुको प्रशासकीय क्षमता अभिबृद्धि गर्ने कार्यक्रम विविध क्षेत्र संगको सहकार्यमा संचालन गरिनेछ।

प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

६.२.६ मुल्य श्रृङ्खलामा आधारित उद्यमशीलताको विकास गरी लघु, घरेलु तथा साना उद्योगको मझौला तथा ठूला उद्योग संग कच्चा पदार्थ एवम् उत्पादनमा अन्तर सम्वन्ध कायम गर्ने नीति लिईने छ।

६.२.७ कैलाश गाउँपालिकामा उत्पादन तथा संकलन हुने जडिवुटी प्रशोधन गर्ने उद्योगको स्थापना गर्न आवश्यक पहल लिइनेछ र सोको लागी कैलाश १ र २ मा पर्ने बोल्नेलेक र माहाभारत वन क्षेत्रलाई सिमाङ्कन गरी धादिङ जिल्लाका छिमेकी स्थानीय तहहरुसंग समन्वय गरी सो क्षेत्रमा जडिबुटी तथा प्रसोधन केन्द्र स्थापनाका लागी विषेश पहल गरीनेछ।

६.२.८ स्थानीय जडिबुटी तथा कच्चा प्रदार्थमा आधारित उद्योग खोल्ने लागनी कर्तालाई अनुदानको व्यवस्था गरिनेछ साथै पालिका भित्रको क्षेत्रमा स्थापना हुने उद्योगका लागी ३ वर्ष सम्म करमा छुट दिईनुका साथै विद्युत र पानी महसुलमा अनुदान दिइने छ।

## ६.३ पर्यटन

६.३.१ डिपिआर निर्माण भई अधुरो रहेका कैलाश बैकुण्ठ पर्यटन पुर्वाधार निर्माण गर्न विषेश बजेट व्यवस्था गरिनेछ साथै संघ, प्रदेश र स्थानिय तहको संयुक्त पहलमा आवश्यक बजेट ब्यवस्था गरि कार्य अघि बढाईनेछ ।कालिका मन्दिर ,गुप्तेश्वरी गुफा,स्यार्सेकालिका ,सालबास चक्रकाली मन्दीर क्षेत्र लाई धर्मिक पर्यटन क्षेत्रको रुपमा विस्तार गरिदै लगिने छ ।  देखारी पर्यटन  बिकास, रानीपोखरी पिकनिक पार्क, बोल्नेडाडा, दुम्सीखर्क,घैराङ पर्यटन बिकासको लागी स्थानीय प्रत्यक्ष जनसहभागीतामा योजना अगाडी बढाईनेछ.।

६.३.२ स्थानीय जनताको प्रत्यक्ष सहभागितामा संञ्चालन हुने होमस्टे स्थापनाको लागी प्रोत्साहन गरिनेछ ।होमस्टे संचालन गर्न इच्छुक ब्यक्तिहरुलाई तालिम अध्ययन, भ्रमण र अनुदान सहयोग गरिनेछ ।

६.३.३ कैलाश बैकुण्ठ जोड्ने जिप लाइन तथा गुप्तश्वरी गुफा धार्मिक क्षेत्रको डि.पि.आर निर्माण गरी संघ र प्रदेश सरकारलाई आवश्यक बजेटको लागी पहल गरिनेछ।

६.३.४ खोडेधार बाट कैलाश गुफा हुदै गुप्तेश्वरी गुफा जोड्ने पैदलमार्ग निर्माणमा पहल गरिनेछ ।

६.३.५ प्रदेश सरकार संगको साझेदारीमा नमुना पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान गरी संचाल तथा व्यसव्थापन गरीनेछ।

६.३.६ पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई ग्रामिण तह सम्म पऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रुपमा विकास गरिनेछ ।

६.३.७ पुरातात्विक एवम् मौलिक, जातिय, धार्मिक, सास्कृतिक लगायतका सम्पदाहरु, गुठीहरु र जातिय संस्थाहरुको संरक्षण, सम्बर्धन र अभिमुखीकरण गरिनेछ। परमपरागत मौलिक कला र लोक संगित, नृत्य, नाट्य, साहित्य, प्रदर्सनकारी लोककला हरुको अभिमुखीकरण, संरक्षण, अनुसन्धान र विकास गरिने नीति लिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

६.३.८ राजनीति, सामाजिक, सांस्कृतिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तिको सम्मानको लागि स्मृति केन्द्र, प्रतिष्ठान तथा अध्ययन अनुसन्धान केन्द्र जस्ता संरचनाहरुको निर्माण गरिनेछ।

६.३.९ साहासिक पर्यटन, ट्रेकिङ रुट, सुविधा सम्पन्न होमस्टे, स्थानीय संस्कृतिको सम्वर्द्धन र संरक्षण गर्न संग्राहलय निर्माण गरी स्थानीय पर्यटकिय क्षेत्रहरुको पुर्वाधार विकास गरी पर्यटकिय गन्तव्यको निर्माण गरिदै जाने नीति लिइनेछ।

६.३.१ प्रजातान्त्रीक सेनानी स्वार्गिय सुर्य बहादुर डिम्डुङको स्मृतिमा शान्ती वाटिका निर्माण गरिनेछ।

## ६.४ सहकारी

६.४.१ सामाजिक तथा आर्थिक बिकासका लागी सहकारी स्थापना, संचालन तथा प्रभावकारी सेवाको लागी शेयरधनि, संचालक, ब्यवस्थापक र कर्मचारीहरु लाई क्षमता विकास सम्बन्धि तालिमहरु प्रदान गरिनेछ ।

६.४.२ कृषि तथा पशुपालन सहकारी संस्था स्थापनमा उत्प्रेरित गरिनेछ।

६.४.३ सहकारी संस्थालाई लेखा ब्यवस्थापन तालिम प्रदान गरिनेछ।

६.४.४ सहकारी पसल स्थापना गरी सस्तो सुलभ मुल्यमा खाद्य सामाग्री विक्री वितरणको व्यवस्था गरिनेछ।

६.४.५ सहकारीतामा आधारित आधुनिक विक्री केन्द्र (कोसेली घर) को स्थापना गरी स्थानीय उत्पादन संकलन र विक्री वितरणको व्यवस्था मिलाईनेछ।

## ६.५ वित्तिय क्षेत्र

६.५.१ स-साना सहकारीहरुलाई एकिकृत गराई पूँजिबृद्धि मार्फत ग्रामिण क्षेत्रमा प्रभावकारी सेवाका लागि पहल गरिनेछ ।

६.५.२ गाउँपालिका भित्र बिभिन्न (क) वा (ख) बर्गका बित्तिय संस्थाहरु स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

माननीय सदस्यज्यूहरु,

अब म सामाजिक विकास तर्फको नीति कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## ७. सामाजिक विकास

### ७.१ शिक्षा

७.१.१ श्री भवानी मा.वि. कैलाश ३ मा नमुनाको रुपमा माध्यामिक तह देखी सिभिल ईन्जिनियरिङ विषयको पठनपाठन संचालन गर्न विषेश पहल गरिनेछ ।

७.१.२ गाउँपालिकाको माथिल्लो भेग र आसपासका विद्यार्थीलाई समेट्ने गरी एक विद्यालयमा प्लस टु संचालन गर्न पहल गरिनेछ।

७.१.३ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सिटिईभिटी बाट मान्यता प्राप्त प्राविधिक विद्यालयहरुको स्थापना र संचालन गरिने नीति लिईनेछ।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

७.१.४ चिकित्सा शिक्षा, ईन्जिनियरिङ, सूचना प्रविधि, पाईलट लगायतका प्राविधिक शिक्षा पढ्न भर्ना भएका विद्यार्थीहरुलाई प्रोत्साहन छात्रविद्धि प्रदान गरिनेछ।

७.१.५ सबै मा.वि. विद्यालयमा ई-लाईबेरी र सुविधा सम्पन्न विज्ञान प्रयोगशाला स्थापना गरी टाढा टाढा बाट पढ्न आउने विद्यार्थीका लागी छात्रावासको व्यवस्था गरिनेछ।

७.१.६ एस.ई.ई दिई बसेका सम्पुर्ण विद्यार्थीहरुलाई पालिका भित्रै निःशुल्क आधारभुत कमप्युटर तालिमको व्यवस्था गरिनेछ।

७.१.७ गरिब तथा जेहेन्दार छात्र छात्रालाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरिनेछ।

७.१.८ विद्यार्थी केन्द्रित विद्यालय व्यवस्थापन सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिनेछ। उच्च र न्युन सिकाई उपलब्धी भएका विद्यालय बिच शैक्षिक उपलब्धी र व्यवस्थापकीय क्षमता बृद्धिका लागि अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ।

७.१.९ बालबालिकाको सर्वाङ्गीत विकास गर्ने थलोको रुपमा रहेको बालविकास केन्द्रलाई विद्यालय संगको सहकार्यमा नमुना केन्द्रको रुपमा स्तरोउन्नती गर्ने कार्यक्रमलाई निरनतरता दिईने छ।

७.१.१० अपाङ्गता भएका बालबालिकाको गुणस्तरिय शिक्षामा पहुच बृद्धि गर्न विद्यालयहरुलाई अपाङ्ग मैत्री विद्यालयको रुपमा विकास गरिनेछ। बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई तिब्रता दिई २०७९ मंसिर भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

७.१.११ गाउँपालिका भित्रका बिद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दीको ब्यवस्था गर्न शैक्षिक ब्यवस्थापन कोष स्थापन गरिनेछ।

७.१.१२ यस गाउँपालिकामा संचालनमा आएको एक मात्र आवसीय बिद्यालय कालिका मा.वि. नामटार लाई आवश्यक बजेटको ब्यवस्था गरि थप ब्यवस्थित गरिनेछ साथै कैलाश गाउँपालिकाको सबै वडाबाट २-२ जनाको दरले कुल २० जना विद्यार्थिलाई प्रतेक वर्ष छात्रवृत्ति दिई पंढाइने नीति लिईनेछ।

७.१.१३ पढ्न जाने उमेरका बिद्यालय बाहिर रहेका सम्पूर्ण वालवालिकाहरुलाई बिद्यालयमा ल्याउनका लागी सतप्रतिशत भर्ना अभियान संचालन गरिनेछ।

७.१.१४ यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गर्न आवश्यकता अनुसार शिक्षकहरुको क्षमता बिकासका लागि शिक्षण सिकाईसम्बन्धि तालिम संचालन गरिनेछ ।साथै जातिय वाहुल्यताका आधारमा मातृ भाषामा शिक्षा उपलव्ध गराउन विद्यालयहरुको पहिचान गरिनेछ ।

७.१.१५ सम्पूर्ण बिद्यालयमा वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणलाई अघि बढाईने छ ।

७.१.१६ शैक्षिक गुणस्तर बृद्धि गर्न र ब्यवस्थापकीय पक्षलाई चुस्तदुरूस्त बनाउन गाउँपालिका स्तरिय अवश्यक पुर्वाधारको बिकास गरिनेछ, साथै बि.व्य.स. का पदाधिकारीहरुलाई क्षमता र नेतृत्व बिकास तालिम प्रदान गरिनेछ ।

७.१.१७ शैक्षिक गुणस्तर, विधार्थीहरूको नियमित क्षमता परीक्षण एवम् शैक्षिक उपलब्धिको आधारमा विद्यालयहरुलाई पुरस्कृत र अनुदान व्यवस्था गरिनेछ।

...कीय अधिकृत

७.१.१८ प्राविधिक शिक्षालय संचालन गरि पठनपाठन गराउने ईच्छुक विद्यालयहरुलाई अनुदान सहयोगको व्यवस्था गरिनेछ।

७.१.१९ रिक्त शिक्षक दरबन्दि यथाशिघ्र पदपुर्ति गरि शिक्षक अभावहुन दिईने छैन।

७.१.२० आगामी आर्थिक बर्षबाट लागु हुने गरि दलित तथा अति विपन्न जेहेन्दार बालबालिकाका लागी उच्चा शिक्षा अध्ययन कोष स्थापना गरिनेछ

७.१.२१ न्युन बेतनमा कामकाज गर्दै आइरहेका ECD शिक्षक तथा विद्यालय कर्मचारीलाई न्यायोचित तलब सुविधाको ब्यवस्था गरिनेछ।

७.१.२२ शिक्षाको गुणस्तर विकास गर्नको लागी शिक्षकलाइ समय सान्दर्भिक तालिम उपलब्ध गराइनेछ ।

७.१.२३ वडा शिक्षा समिति, गाउँ शिक्षा समिति र शिक्षा शाखा मार्फत विद्यालय अनुगमन, कक्षा निरिक्षण, सुचकमा आधारित अनुगमण प्रणाली मार्फत शौक्षिक गुणस्तर सुधार गर्दै लगिनेछ।

७.१.२४ यसै आ.व. मा स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ।

७.१.२५ गाउँ शिक्षा योजना निर्माण गरी शिक्षा क्षेत्रका समस्याहरुलाई क्रमागत रुपमा योजना बनाई समाधान गर्दै लगिनेछ।

७.१.२६ विद्यार्थीहरुको मानिसिक, शारिरिक तथा सम्वेगात्मक विकासका लागी अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ।

७.१.२७ दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाई विद्यार्थि उपस्थिति दर र बालबालिकाको पोषण सुधार गर्ने नीति लिईनेछ।

## ७.२. स्वास्थ्य

७.२.१ एम.बि.बि.एस. डक्टर र अल्ट्र साउण्ड सुविधा सहितको कैलाश अस्पताल यसै आर्थिक वर्ष भित्र संचालनमा ल्यांइनेछ।

७.२.२ यस गाउँपालिका क्षेत्र भित्रका अति विपन्न मृगौला रोगीहरुका लागी निःशुल्क डायलाएसिस सुविधा उपलब्ध गराउन सहजिकरण गरिनेछ।

७.२.३ स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाई मार्फत कम्तिमा वर्षको तिन पटक आफ्नो वडा भित्रका जेष्ठ तथा अशंक्त नागरिकहरुका लागी घरमै स्वास्थ्य परिक्षण र नियमित सेवन गरिने औषधी वितरण गर्ने व्यवस्था गरिनेछ।

७.२.४ स्वस्थ्य जिवनशैली प्रवर्द्धन अभियान अन्तर्गत मानसिक स्वास्थ्य सेवा प्रवर्द्धन व्यवाहार परिवर्तन, आयुर्वद चिकित्सा प्रणालिलाई सुदृढिकरण, स्वस्थ्य जिवनशैली अवलम्बन तथा नागरिक आरोग्यताको लागी योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक सेवा पद्धतिलाई प्राथमिक्ता दिईनेछ।

७.२.५ किशोर किशोरीको यैन तथा प्रजनन स्वास्थ्य प्रवर्धन तथा प्रामर्श सेवा प्रवाहा गर्न प्रदेश सरकारको सहयोगमा संचालित एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

७.२.६ जनताको स्वास्थ्य सम्बन्धि मौलिक हकलाई प्रत्याभूत गर्न स्वास्थ्यमा पहुँच अभिवृद्धी गरिनेछ ।महिला तथा वालवालिका र ज्येष्ठ नागरिकहरुको लागि आवश्यकताअनुसार प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७.२.७ सम्पूर्ण जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सवै वडाहरुमा स्थापित स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरुको सुधार गर्दै लगिनेछ।

७.२.८ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन न्युन आय भएका ५०० घरपरिवारलाई यसै बर्ष निःशुल्क स्वास्थ्य बिमा गरिनेछ

७.२.९ ***"स्वास्थ्य आमा स्वास्थ्य शिशु"*** कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य समस्या समधानका लागि गाउँपालिका क्षेत्र भित्र र स्वास्थ्य संस्थाको रिफर अनुसार गा.पा. क्षेत्र बाहिर लान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

७.२.१० प्रतेक स्वास्थ्य संस्थानमा स्तनपान कक्षको स्थापना गरिनेछ।

७.२.११ गर्भवती महिला र नवजात शिशुको पोषण सुधार कार्यकालागी स्वास्थामा सुत्केरी गराउने महिलाको लागी तत्तकाल नेपाल सरकारबाट प्रदान गर्दै आएको सुविधामा थप रकम रु. २ हजार उपलव्ध गराइनेछ।

७.२.१२ कैलाश गाउँपालिका भित्र कार्यारत महिला स्वस्थ्य स्वयम सेविका हरुलाई संघ तथआ प्रदेशबाट प्राप्त सेवा सुविधा बाहेक मासिक रकम रु. ३०० थप गरिनेछ।

७.२.१३ बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्थानीय स्तरमै निर्माण गरिएको स्यानेटरी प्याड निःशुल्क वितरण गरिनेछ ।

७.२.१४ खोपयुक्त गाउँपालिकालाई दिगो बनाई राख्न र कुपोषणको पहिचाहन गरि शिघ्र कुपोषण न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

७.२.१५ महिलाहरुको लागि स्तन, पाठेघरसम्बन्धि क्यान्सर र आङ खस्नेसम्वन्धि रोगको शिविर संञ्चालन गरिनेछ ।

७.२.१६ गाउँपालिकाको मातहातमा रहेको माथिल्लो क्षेत्रमा १, तल्लो क्षेत्रमा १ गरि २ वटा एम्बुलेन्स सेवालाई थप प्रभावकारी रुपमा संचालन गरि थप एम्बुलेन्सको व्यवस्था गरिनेछ।

७.२.१७ महामारीको रुपमा फैलीरहेको कोरोना भाइरस, संकीपक्स् लगायतका संक्रामक रोगहरु नियन्त्रणलाइ प्रभावकारी बनाउन स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ ईकाईहरुमा अक्सिजन सहितको बेड र आवश्यक औषधी तथा उपकरणको व्यवस्था गरिनेछ।

७.२.१८ स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माण र मर्मत गर्न बजेटको ब्यवस्था गरिनेछ।

**७.३. खानेपानी तथा सरसफाई**

७.३.१ ***"स्वच्छ र सुन्दर गाउँघर, स्वांस्थ्य जिवनको आधार"*** लाई मूर्तरुप दिन गाउँपालिका भरिका स्वच्छ खानेपानी अभाव भएका टोलवस्तिहरुमा खानेपानीका आवश्यक प्रबन्ध मिलाईनेछ।

प्रमुख प्रशासकीय अधिकृत

७.३.२ पूर्ण सरसफाईयुक्त गाउँपालिकाको निर्माणका लागी एकघर एक शौचालय सम्वन्धि नीतिलाई कडाईका साथ लागु गरिनेछ, आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

७.३.३ शहरी तथा शहरउन्मुख बस्तीहरुमा सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

७.३.४ "*मुहानदेखी मुखसम्म सुरक्षित पानी स्वस्थ जिन्दगानी*" भन्ने अभियान जनजनमा पुऱ्याई हरेक क्षेत्रमा सरसफाई कार्यक्रम बनाई अघि बढाईनेछ ।

७.३.५ प्रतेक व्यक्तिलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइको पहुच पुऱ्याउन एक घर एक धाराको अभियानलाई कार्यान्वयन गर्दै लगिनेछ।

७.३.६ खानेपानी मुहानको सरसफाईलाई प्राथमिक्ता राखिनेछ।

७.३.७ गाउँपालिका भित्र संचालित बिभिन्न खानेपानि तथा सरसफाइ कार्यक्रमलाई एकिकृत र दिगो रुपमा संचालन गर्न गाउँपालिका स्तरिय खानेपानि बोर्ड गठन गर्न नीतिगत व्यवस्था गरिनेछ।

**७.४ संस्कृति प्रवर्द्धन**

७.४.१ कैलाश-२ बैकुण्ठमा प्रचलित ऐतिहासिक घाटुनाचको संरक्षण गरिनेछ, मारुनि नाच र चेपाङ जातिको न्वागी पर्व र परमपरालाई संरक्षण सम्वर्द्धन सबै जात जातिहरुको भाषा, संस्कृति, रितिरिवाज र परम्पराहरुको जगेर्ना र प्रवर्द्धनमा विशेष जोड दिईनेछ । गाउँपालिका भित्र रहेका तामाङ जातीत्वको बाहुल्यता र सोको भाषा संस्कृति र संसकार संरक्षणको लागी तामाङ संग्रहलय स्थापनाको लागी पहल गरिनेछ।

७.४.२ नामटारको स्यार्सेकालिका मेला, कालिकाटारको कालिकामेला, गोगनेको चौकिटार मेलालगायत अन्य स्थान र जाति बिशेषका धार्मिक तथा साँस्कृतिक मेला पर्वको बिकास र संरक्षणको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

७.४.३ गाउँपालिकाभित्रका मठमन्दिर, गुम्बा, चर्च र मस्जिद आदिको संरक्षणको लागि आवश्यक कार्य गरिनेछ ।

७.४.४ भाषा, कला, लोक संगित, संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागी विषेष कार्यक्रम संचालन गरिनेछ।

**७.५ लैंगिक समानता, सामाजिक न्याय तथा समावेशीकरण**

७.५.१ "***विपन्न संग अध्यक्ष कार्यक्रम***" अन्तर्गत विपन्न/ दलित/ सिमान्तकृत वर्गका आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका घरपरिवारलाई कार्यविधि बमोजिम आवश्यक्ता अनुसार स्वास्थ्य उपचार, उच्च शिक्षा अध्ययन र लघु व्यवसायको लागी अनुदान सहित सहयोग गरिनेछ।

७.५.२ "***चेली प्रोत्साहन कार्यक्रम***" अन्तर्गत गाउँपालिका क्षेत्र भित्रका कम्तीमा प्लस टु पास सम्म अध्ययन गरी २० वर्ष वा सो भन्दा माथी उमेर पुगी विवाह गर्ने चेलीलाई सम्मान तथा प्रोत्साहन स्वरुप कार्यविधि बमोजिम रकम रु. २० हजार प्रदान गरिनेछ।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

७.५.३ विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शैक्षिक गुणस्तर वृद्धि लगायतका चेपाङ छात्रवृत्ति, बुहारी छात्रावृत्ति कार्यक्रम संचालन गरिनेछ।

७.५.४ शिक्षित आमा शिक्षति परिवारको नारा सहित सम्पुर्ण वडामा प्रौढ महिलाहरुलाई निःशुल्क प्रौढ शिक्षा संचालन गरिनेछ।

७.५.५ एकल तथा विपन्न महिलाहरुलाई आयआर्जन तथा सिपमूलक कार्यक्रम संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।

७.५.६ महिला शसक्तिकरण कार्यक्रम, घरेलु हिंसालगायत सवै प्रकारका हिंसा र विभेदहरुको अन्त्यका लागि कार्यक्रमहरु संचालन गर्न वजेटको व्यवस्था गरिनेछ ।

७.५.७ दलित, जनजाति, सिमान्तकृत र अपाङ्गहरुको लागि जिविकोपार्जन कार्यक्रम संचालन गरि आत्मनिर्भर बनाउन र जेहेन्दार तथा बिपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा एवं प्राविधिक शिक्षा अध्ययन तथा लोकसेवा, शिक्षक सेवा र अन्य स्थायी सरकारी सेवा प्रवेशका तयारी कक्षा संचालन गर्न कार्यक्रमका साथ बजेट विनियोजन गरिनेछ ।

७.५.८ वडा वडामा सामजिक सुरक्षा भत्ता वितरण कार्यको निरन्तरता दिईनेछ।

७.५.९ सहिद परिवारको लागी प्रोत्साहन सहित विषेश सम्मान कार्यक्रम गरिनेछ।

## ७.६ खेलकुद विकास

७.६.१ "*अध्यक्ष कप फुटबल*" प्रतियोगिता र "*उपाध्यक्ष कप भलिबल*" प्रतियोगितालाई संचालन गरिनेछ।

७.६.२ एक वडा एक खेलमैदान निर्माणको कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

७.६.३ शारिरिक सुगठन, योग, खेलकुद अभ्यास, खेलकुद प्रतियोगिताको व्यवस्था मार्फत युवा जनशक्ती लाई स्वास्थ्य प्रती जागरुक बनाई स्वस्थ कैलाश निर्माणको अभियानलाई अगाडी बढाइनेछ।

७.६.४ वडा स्तरिय, गा.पा. स्तरिय खेलकुद प्रतियोगिताहरु युवाहरुको चाहान बमोजिम संचालन गरिनेछ।

७.६.५ जिल्ला स्तरिय खेलकुद प्रतियोगिताहरुमा कैलाशको उपस्थितिलाई सार्थक बनाउन नियमित अभ्यास र प्रशिक्षण गरिनेछ।

७.६.६ यस कैलाश गाउँपालिकाबांट प्रतिनिधित्व गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भइ पदक जित्ने खेलाडिहरुलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।

माननीय सदस्यज्यूहरु,

अब म पुर्वाधार विकास तर्फको नीति कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## ८. पुर्वाधार

**८.१ सडक तथा पुल (झो.पू)**

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

८.१.१ यस गाउँपालिका क्षेत्रको प्रमुख सडकहरु चुनियाँ नामटार कालिकाटार भार्ता, भार्ता सानोडाँडाखर्क बैकुण्ठ, गैरीगाउँ गोगने पकनी डाँडाखर्क बैकुण्ठ हुदै धादिङ गजुरी जोड्ने सडकहरुलाई बागमती प्रदेश सरकारको क्रमागत योजनामा समावेश गर्न पहल गरिनेछ।

८.१.२ कालिकाटार गोगने जोड्ने सडक, घुमाउने बुकुटी हुदै राक्सिराङ गा.पा. १ जोड्ने सडक, भार्ता मानेभञ्ज्याङ दमार अल्छे कप्सेरी पकनी सडक, बेतिनि मन्याङकोट आमडाँडा हुदै कैलाश ५ सागिने सडकहरुको स्तरउन्नतीको लागी संघ तथा प्रदेश सरकार संग पहल गरिनेछ।

८.१.३ यस गाउँपालिका भित्र रहेका सडक संजालहरुको समग्र स्तरउन्नती तथा विकासको लागी पालिका स्तरीय सडक गुरु योजना (MTMP) बनाई अभिलेखिकरण गरिनेछ।

८.१.४ चुनिया नामटार हुदै पालिकाको केन्द्र सम्म पुग्ने मुख्य सडकलाई स्तरउन्नती गरी बाह्रै महिना चल्ने गरी बिकास गर्ने र आगामी पाँच वर्ष भित्रमा पक्की मोटर बाटो निर्माण गरिनेछ।

८.१.५ गैरीगाँउ – गोगने – डाँडाखर्क – बैकुण्ठ कैलाश मार्गलाई बाह्रै महिना चल्ने गरी पक्की मोटर सडक निर्माण गर्न बजेट व्यवस्था गरिनेछ।

८.१.६ कैलाश वडा नं. ३ र ५ जोड्ने कालिकाटार – गोगने सडकको निर्माण कार्य सम्पन्न गरिनेछ।

८.१.७ प्रदेश सरकारको यस वर्षको कार्यक्रममा समावेश भएका वडा नं. ३ र ५ जोड्ने कालीखोला पक्की पुल, वडा नं. ४ र ७ जोड्ने मनहरी खोला पक्की पुल, वडा नं. १० मन्याङकोट दुवोखोला पक्की पुल र राक्सिराङ ४ र कैलाश ८ जोड्ने गोराङदी खोला पक्की पुल समयमै निर्माण सम्पन्न गर्न प्रदेश सरकार समक्ष पहल गरिनेछ।

८.१.८ मनहरी - राक्सिराङ - भार्ता चन्द्रगिरीहुँदै काठमाण्डौ जोड्ने सडक निर्माणमा पहल गरिनेछ।

८.१.९ पालिकाको केन्द्र हुदै भार्ता – सानोडाँडाखर्क – कैलाश बैकुण्ठ सडक बाह्रै महिना चल्ने गरी पक्की मोटर सडक निर्माण गरनिछ।

८.१.१० घटटे खोला, राउते खोला, छयाडदुग दोभान, घुमाउने पक्कीपुल निर्माण तथा अन्य झो.पू निर्माण तथा मर्मतको लागी विशेष पहल गरिनेछ ।

८.१११ अधुरा तथा क्रमागत सडक तथा मोटररेवल पुल तथा झो.पु.हरुको निर्माण कार्य यस आ.व. भित्र सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिनेछ।

## ८.२ सिंचाई

८.२.१ चालु सिंचाई योजनाहरुलाई आवश्यक मर्मत सम्भार र नयाँ सिंचाई योजना निर्माण तथा लिफ्ट सिचाई निर्माणका लागी बिशेष प्राथमिकता साथ बजेट बिनियोजन गरिनेछ ।

## ८.३ भवन तथा सहरी बिकास

८.३.१ पालिकाको केन्द्रमा आधुनिक सहर निर्माण गर्न गुरूयोजना तयार गरी लागु गरिनेछ।

लोक बहादुर मुक्तान
अध्यक्ष

८.३.२ बस्ति बिकास तथा भवन निर्माण आचार संहिता पूर्ण रुपमा पालना गरिनेछ ।

८.३.३ सडक अधिकार क्षेत्रको पालना हुने गरि पक्कि संरचना तथा घर निर्माण गर्दा नक्सापास कार्यलाई अनिवार्य गर्दै लगिनेछ।

८.३.४ सहर उन्मुख बस्तीहरुलाई आधुनिक सहरको रुपमा विकास गर्न गुरुयोजना निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

८.३.५ आगोलागी भएको पालिकाको पुरानो भवनमा सुविधा सम्पन्न कैलाश सभाहल निर्माणको थालनी गरिनेछ।

८.३.६ भूमि आयोग संगको सहकार्यमा भूमिहिन सुकुम्वासी र अवेवस्थित वसोवासीहरुलाई नेपाल सरकारको नीति नियम बमोजिम पुर्जा वितरण गरी भूमि सम्वन्धी समस्या समाधान गरिनेछ।

**८.४ उर्जा तथा साना जलबिद्युत, बैकल्पिक उर्जा**

८.४.१ ***"उज्यालो कैलाश"*** कार्यक्रम अन्तर्गत आगामी पाँच वर्ष भित्रमा सवै घरधुरीहरुमा विजुली बत्तिको सुविधा पुऱ्याईनेछ।

८.४.२ बैकल्पिक उर्जा प्रबिधिलाई प्राथमिकता दिई बजेट बिनियोजन गरिनेछ ।

**८.५ संचार**

८.५.१ कैलाश २ सानोडाँडाखर्क र कैलाश ३ गाउँपालिका भवन क्षेत्रमा 4G इनटर्नेट सुविधा सहितको मोबाइल टावर निर्माण गर्न आवश्यक पहल गरिनेछ।

८.५.२ गाउँपालिका केन्द्र लगायत सबै वडा कार्यालयहरुमा संचार पहुँच पुऱ्याउन नेट ईन्टरनेट सुविधा व्यवस्था गरिनेछ ।

८.५.३ साना शहरी क्षेत्र लगायत बजार केन्द्रहरुमा Free Wi-Fi Zone कायम गर्न पहल गरिनेछ।

८.५.४ सबै वडा कार्यलयहरुमा भरपर्दो ईनटर्नेटको व्यवस्था गरि Online सेवाहरु संचालन गर्ने नीति लिइनेछ।

माननीय सदस्यज्यूहरु,

अब म वातावरण तथा बिपद् व्यवस्थापन तर्फको नीति कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**<u>९ वातावरण तथा बिपद् व्यवस्थापन</u>**

**९.१ वन तथा भूसंरक्षण**

९.१.१ गाउँपालिका क्षेत्र भित्र रहेका वनहरुलाई पहिचान गरी सामदायिकि करण गर्न आवश्यक पहल गरिनेछ।

९.१.२ गाउँपालिका भित्रका सबै सामुदायिक बन समुहहरुको उचित ब्यवस्थापन तथा नियमन गरिदै लागिनेछ ।

प्रशासकीय अधिकृत

९.१.२ नदि उकास जमिन, भीरपाखा पखेरा तथा खाली पर्ति जग्गा र कैलाश मार्गको आवश्यक दुबै किनारामा अनिबार्य रुपले भेगिय अनुसार बिभिन्न जातका बिरुवाहरु रोप्ने कार्य गरिनेछ ।

**९.२ जलाधार संरक्षण**

९.२.१ नदि, खोला, कुवा, तथा सिमसार क्षेत्रको उचित संरक्षणमा विशेष जोड दिईने छ ।

९.२.२ उपयुक्त स्थानको पहिचान गरि कृतिम पोखरी तथा तालहरुको निर्माण गरिनेछ ।

**९.३ वातावरण**

९.३.१ खानी उत्खनन्बाट मानविय भौतिक र प्राकृतिक वातावरणमा परिरहेको क्षतिको आकलन गरी सो क्षती न्युनिकरणका उपाय अबलमवन गरिनेछ।

९.३.२ गाउपालिका स्तरमा निर्माण गरिने सबै योजनाहरु वातावरण मैत्री बनाई वातारवरण संरक्षणमा जोड दिईने छ ।

९.३.३ वातावरण बिद्हरुको अध्ययन अनुसन्धान रिपोर्ट अनि सिफारिसका आधारमा प्राकृतिक श्रोतहरुको उत्खनन् तथा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

९.३.४ वातावरण संरक्षण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

**९.४ जलवायु परिवर्तन**

९.४.१ जलबायु अनुकुलित बिकास कार्यक्रम संचालन गरि हरित अर्थतन्त्रको प्रर्द्धन गर्न पहल गरिनेछ, साथै जलबायु परिवर्तन संग सम्बन्धित सरोकारवालासंग समन्वय सहकार्य गरि अघि बड्ने नीति अख्तियार गरिनेछ ।

९.४.२ वातावरणीय प्रतिकूल असर पर्ने सबै गतिविधि निषेध गरिंदै लगिने छ ।

**९.५ फोहरमैला व्यवस्थापन**

९.५.१ सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ र जथाभवी फोहोर गर्ने आमनागरिकहरुलाई दण्ड जरिवाना गरिने नीति लिईनेछ ।

९.५.२ सरकारी, गैरसरकारी, कार्यालय बाक्लो टोलवस्ति बजार क्षेत्रहरुबाट निस्केका फोहोर संकलन गरि उपयुक्त ब्यवस्थापनको प्रबन्ध मिलाईने छ ।

**९.६ जलउत्पन्न प्रकोप नियन्त्रण**

९.६.१ बिभिन्न जोखिममा रहेका वस्ति, सडक, भवन, बाटो, खेतीयोग्य जमिनको बचाउ र संरक्षणका लागी बिशेष बजेटको प्रबन्ध मिलाईने छ ।

**९.७ विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन**

९.७.१ जोखिममा रहेका वस्ती स्थानतरण गरी सुरक्षित स्थानमा एकिकृत वस्तीको निर्माण गरिनेछ।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

९.७.२ वातावरण तथा बिपद् व्यवस्थापन समिति गठन तथा विपद् व्यवस्थापन कार्ययोजना निर्माण गरि बिपद् व्यवस्थापन कोष स्थापना गरि विपद् व्यवस्थापन कार्य अघि बढाईने छ ।

९.७.३ आपतकालिन उद्दार कार्यलाई प्रभावकारी बनाउन स्थानीय युवा तथा सुरक्षा निकाय र रेडक्रस लगायत सरोकारवालाहरुको सहभागितामा गाउँपालिका स्तर तथा वडास्तरमा आपतकालिन उद्दार तथा सहयोग समिति गठन गरिनेछ ।

९.७.४ विपदको अवस्थामा तत्काल राहत र पुनर्निर्माण कार्य संचालन गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

९.७.५ आपतकालिन बिपद् व्यवस्थापन योजना अनुसार वाढी, पहिरो, नदि कटान, आगलागी, चट्टयाङ, बिद्युतिय कारण तथा रोग जन्य माहामारी लगायत अन्य दैविक कारणबाट उत्पन्न हुने बिपद्हरुलाई समयमै व्यवस्थापन गर्नका लागी विशेष बजेट विनियोजन गरिनेछ ।

९.७.६ चटयाङको जोखिम युक्त क्षेत्र तथा वस्तीहरुमा सो सम्वन्धी विज्ञबाट विस्तृत अध्ययन गराई जोखिम न्युनिकरणको कार्यक्रम संचालन गरिनेछ।

माननीय सदस्यज्यूहरु,

अब म संस्थागत बिकास तथा सेवा प्रवाह तर्फको नीति कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## १०. संस्थागत बिकास तथा सेवा प्रवाह

### १०.१ सामान्य सेवा

१०.१.१ गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त राख्न आवश्यक शाखामा सफ्टवेयरको प्रयोग गरिनेछ।

१०.१.२ गाउपालिकाका सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनीधि, निर्माण समितिका पदाधिकारी, संघ-संस्था, गाउपालिका अन्तरगतका बिभिन्न समुहका पदाधिकारीहरु लाई नेतृत्व, क्षमता विकास कानुन, तथा काम, कर्तब्य र अधिकारसम्बन्धि भ्रमण, तालिम, गोष्ठी अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१०.१.३ गाउँपालिका र गाउँपालिका अन्तरगतका कार्यालयद्वारा सम्पादन गरिने सेवाहरुमा छिटो छरितो सरल र सहजता ल्याउनको लागि गाउँपालिकाको क्षमता अनुसार जनप्रतिनीधि र कर्मचारीहरुमा उत्साह बृद्धि गर्न थप सेवा सुबिधासहितको कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धि कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

१०.१.४ जिम्मेवारी बहन नगर्ने कार्मचारी, अन्य सरकारी, गैर सरकारी संघ-संस्था, निर्माण कम्पनी, निर्माण समिति र अन्य समुहहरुले पाउने सेवा सुबिधा क्रमशः स्थगित, रोक्का, खारेज, र नियमानुसार कार्वाहीको दायरामा ल्याईनेछ ।

१०.१.५ गाउँपालिकाको स्वीकृत रिक्त दरबन्दीमा र आवश्यकता अनुसार प्रविधिक र कार्यालय सहयोगी पदहरुमा नियमानुसार करारमा पदपूर्ति गरिदै लगिने छ ।

१०.१.६ कार्यालयको अभिलेख तथा व्यवस्थापनलाई चुस्तदुरुस्त वनाई प्रविधीमैत्री एवम् सवै वडा कार्यालयलाई विधुतीय सुशासनमा आबद्ध गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

१०.१.७ कार्यालयमा सेवा लिन आउनु हुने सेवाग्राहीहरुको सहजताको लागी हेल्प डेक्स संचालन गरिनेछ।

## १०.२ सुरक्षा व्यवस्थापन

१०.२.१ गाउपालिकाभित्र शान्ति सुरक्षा, अमनचयन कायम राख्न नेपाल सरकारका सुरक्षा निकायहरु नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, अनुसन्धान विभाग लगायतका निकायहरु संग निरन्तर सहकार्य समन्वय गरि २४ सै घण्टा जनतालाई शान्ति सुरक्षाको अनुभूति दिलाउन गाउँपालिका प्रयासरत रहने छ ।

१०.२.२ लागु पदार्थ र मादक पदार्थ सेवन गरि समाजमा शान्ति सुव्यवस्था, सामाजिक सद्भावमा, खलल पुर्याउने जो कोहीलाई कानुनी दायरामा ल्याईने छ ।

## १०.३ सुचना प्रबिधि

१०.३.१ चालु आ.व. भित्र कैलाश गाउँपालिकाका सरकारी कार्यालयहरुमा फाइवर ईनटर्नेट जडान गराईनेछ।

१०.३.२ राज्यको चौथो अंग पत्रकारिता क्षेत्रको विकासको लागी लगानी गर्ने नीति लिईनेछ। पालिका भित्रका पत्रकारिता तालिम लिन ईच्छुक हुवाहरुलाई पत्रकारिता तालिम संचालन गरिनेछ।

१०.३.३ पालिकाबाट संचालित नीति, कार्यक्रम, योजनाका सम्बन्धमा छापा तथा अनलाईन माध्यमबाट सूचना सम्प्रेषण गरी सहयोग पुऱ्याउने पत्रकार तथा मिडियाकर्मीहरुलाई पुरस्कार सहित सम्मान गर्ने नीति लिईनेछ।

१०.३.४ आम संचार क्षेत्रलाई व्यवसायिक बनाउन पालिकाले सहयोग गर्नेछ, पालिका क्षेत्रको महत्व पुर्ण पर्यटकिय क्षेत्र, सामाजिक सास्कृतिक लगायत विभिन्न पक्षको अनुसन्धान गरी लेखनबृत्ति कार्यक्रम संचालन गरिनेछ साथै छापा माध्यम, अनलाईन मिडिया, रेडियो, टेलिभिजन तथा स्रब्यदृश्य माध्यमलाई उपयोग गरिनेछ।

## १०.४ स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन

१०.४.१ गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण सार्वजनिक जग्गा, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च, भवन, कार्यालय, खेलमैदान, पर्यटकीय क्षेत्र, संघ-संस्था, जातजाति, धर्म, लिङ्ग, खोला नाला, ताल तलैया, जैबिक बिबिधता, प्राकृतिक श्रोत आदीको त[illegible]क संकलन गरि अभिलेख ब्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ ।

## १०.५ सुशासन प्रवर्द्धन

१०.५.१ गाउँपालिका अन्तरगतका सबै सरकारी कार्यालयहरुमा सबै खाले सेवाग्राहीहरुको जानकारीका लागी नागरिक वडा पत्र राखिने छ ।

प्रशासकीय अधिकृत

१०.५.२ जनताको गुनासोको सम्बोधन गर्न सबै सरकारी कार्यालयहरुमा उजुरी तथा सुझाव पेटिका राखिने छ ।

१०.५.३ योजना अनुगमन तथा कार्यान्वयन प्रकृयामा प्रत्यक्षरुपले जनप्रतिनीधि र कर्मचारीहरुलाई जवाफदेही र जिम्मेवार बनाई सुचकमा आधारित अनुगमन प्रणाली संचालनमा ल्याईनेछ।

१०.५.४ गाउँपालिकाले गरेका गतिबिधिहरु झल्किने जानकारी मुलक चौमासिक बुलेटिन प्रकाशन गरिनेछ ।

१०.५.५ सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता सुशान प्रवर्द्धनका माध्याम मार्फत पारदर्शिता कायम गरि काम कार्वाहीलाई चुस्त दुरुस्त वनाईनेछ।

१०.५.६ गाउँपालिका भित्र कार्यक्षेत्र तोकी कार्यक्रम संचालन गर्ने गैर सरकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय राखी ति संघ संस्थाहरुले प्रदान गर्ने कार्यक्रमहरुलाई प्रभावकारी बनाउन आवश्यक वेवस्था गरिनेछ।

१०.५.७ गाउँपालिका र गैर सरकारी संस्थाको साझेदारीमा संचालन गर्न सकिने पुर्वाधार विकास, मानविय क्षमता विकास, सिप विकास सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ। गाउँपालिका क्षेत्रभित्र कार्य क्षेत्र राखी कार्यक्रम संचलन गर्न ईच्छुक गैर सरकारी संघ संस्थाहरुलाई विकास साझेदारको रुपमा स्विकार गर्दै धेरै भन्दा धेरै गैर सरकारी संस्थाहरुलाई परिचालन गर्ने नीति लिईनेछ।

## १०.६ नगर प्रहरी परिचालन

१०.६.१ गाउँपालिकाको निर्णय कार्यान्वयन विकास निर्माणमा समन्वय र अन्य आवश्यक कार्यमा परिचालन गर्ने गरि नगर प्रहरी भर्ना तथा परिचालन गर्न नीतिगत व्यवस्था गरिनेछ।

## १०.७ अनुसन्धान तथा बिकास

१०.७.१ समृद्धिका लागि गाउँपालिकाभित्रका रहेका क्षेत्रको बौद्धिक वर्ग, र बिषय बिज्ञ अनुभवी ब्यक्तित्वहरु सम्मिलित सल्लाह सुझाव लिई सो समितिको निर्णय, अध्ययन अनुसन्धान पश्चात विभिन्न क्षेत्रको बिकास योजनाको गुरुयोजना बनाई कार्यारम्भ गरिनेछ ।

अन्तमा बजेटको वारेमा विनियोजन विधेयकमा उल्लेख गरेको छु र यस नीति तथा कार्यक्रम तयार गर्ने सहयोग गर्नु हुने जनप्रतिनीधि ज्युहरु, कर्मचारी मित्रहरु र कार्यापलिका बैठक र विभिन्न विषयगत समितिहरु, गाउँसभामा गरिमामय उपस्थिति जनाउनु हुने माननिय सदस्य ज्युहरु सबैमा हार्दिक धन्यबाद तथा आभार ब्यक्त गर्दै यो नीति तथा कार्यक्रम आफ्नो अमुल्य सुझाव दिई समृद्ध कैलाश निर्माणको कार्यमा सहभागी हुनुहन आग्रह गर्दै यो नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा पारित गरिदिनु हुन माननीय सदस्य ज्युहरुमा अनुरोध गर्दछु।

धन्यवाद ! !

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

# कैलाश गाउँपालिकाको आर्थिक ऐन, २०७९

गाउँ सभावाट स्वीकृत मिति २०७९/०३/१०
प्रमाणिकरण मिति २०७९/०३/१०

प्रस्तावना,

कैलाश गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नामः आर्थिक ऐन २०७९, रहेको छ

(२) यो ऐन, २०७९ साल श्रावण १ गते देखि कैलाश गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोतः)** गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले,घर,पसल,ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवशाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवशाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवशाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृतवा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिमसवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्ज व्यवशाय सेवामा अनुसूची (८) वमोजिम व्यवशाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची ( ९ ) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार वहाल विटौली शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. ट्रेनिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग शुल्क, गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेनिङ्ग, कायोडिन, क्यानोइङ्ग, वन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्गसेवा वा व्यवशाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवाशुल्क,दस्तुरः** गाउँपालिकाले निर्णय, संचालन वा गरेका व्यवस्था अनुसूचि (१२) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएका सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेशरु.बाट गर्नेपर्यटकहरु. अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछतर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्थाभएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. **जरिवाना शुल्कः** यस गाउँपालिका भित्र रहेका निजी क्रसर उद्योगवाअन्यत्र रहे पनि यस गाउँपालिकामा आश्रित रही काम गरिरहेका उद्योगहरुले वन तथा खोलामा खाल्टो खन्ने सार्वजनिक वा व्यक्तिगत सम्पत्तिलाई कार्यमा क्षति हुने गरि मेशिनद्धार उत्खनन गर्ने कार्य गरेमा त्यस्ता निजी उद्योगहरुवाट पर्न जाने पर्यावरणीय क्षतिबाट पिडित नागरिकलाई सहयोग गर्न विगारिएको वातावरणलाई सुधार गर्नको लागी अनुसूची त्यस्ता(१४) बमोजिम निजी उद्योगहरु

प्रशासकीय अधिकृत

CS CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

संग सम्बन्धित भई समान ढुवानी गर्ने सवारी साधनहरुवाट जरिवाना शुल्क असुल उपर गरिनेछ । साथै गाउँपालिकाको यस ऐन बमोजिम तोकिएका कर आर्थिक वर्ष नघाई वुझाएमा अनुसूचि (१४) (१) बमोजिम जरिवाना लिइनेछ र अनुसूची (१४)(२) वमोजिम वातावरण शुल्क संकलन गरिनेछ।

१६.**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७.प्राकृतिक स्रोतको उत्खनन्, निकासी, बिक्रि वितरण सम्वन्धमा प्रदेश कानुनमा तोके वमोजिम हुनेछ।

१८.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा व्यवस्था भएको अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

# विनियोजन ऐन

## २०७९

कैलाश गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर

वागमती प्रदेश, नेपाल

गाउँसभावाट स्वीकृत मितिः २०७९/०३/१०

प्रमाणिकरण मिति : २०७९/०३/१०

प्रमाणित गर्नेको दस्तखत

लोक बहादुर भुसाल
अध्यक्ष

# कैलाश गाउँपालिकाको विनियोजन ऐन

## २०७९

**कैलाश गाउँपालिका आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको**

सभाबाट स्वीकृत मितिः २०७९/०३/१०

**प्रस्तावनाः** कैलाश गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कैलाश गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कैलाश गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५११५९८०००/- (अक्षेरुपी एकाउन्न करोड पन्द्र लाख अन्ठानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त कैलाश गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको

CamScanner

लोक बहादुर मुक्तान
अध्यक्ष

१० प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने, गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोष बाट विनियोजन हुने रकम
कैलाश गाउँपालिका कार्यालय ,कालिकाटार मकवानपुर

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका | २७४४४६५०० | २३७१५१५०० | | ५११५९८०००/- |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | |
| ६ | | | | | | |
| | | कुल जम्मा | | | | ५११५९८०००/- |

आज्ञाले
देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner